## १. जिल्लाको भौगोलिक अवस्था

रौतहट नेपालको दक्षिणपूर्वी तराई क्षेत्रमा अवस्थित एक जिल्ला हो । रौतहट जिल्लाको पूर्वमा सर्लाही, पश्चिममा बारा,उत्तरमा मकवानपुर र दक्षिणमा भारतको बिहार राज्यको सीतामढी र पूर्वी चम्पारण जिल्ला पर्दछ । समुद्र सतहबाट १२२ मिटर देखि २४४ मिटरसम्मको उचाईमा अवस्थित रौतहट जिल्ला १,१२६ वर्ग किलोमिटर क्षेत्रमा फैलीएको छ । गौर रौतहट जिल्लाको सदरमुकाम हो ।

रौतहट २६ डिग्री १४" देखि २६ डिग्री १४" अक्षांश र ८५ डिग्री १४" देखि ८५ डिग्री ३०" सम्मको पूर्वी देशान्तरमा फैलिएको छ । उष्ण तथा समशितोष्ण हावापानी रहने यस क्षेत्रमा २१२५ मिलिमिटरसम्म  वर्षा हुन्छ । यस जिल्लालाई पूवमा सर्लाही सँग बागमती नदीले छुट्याएको छ । पश्चिममा बारा जिल्ला, उत्तरमा मकवानपुर जिल्लालाई रौतहट चुरे श्रृंखलाको उच्च भागले छुट्याएको छ । दक्षिणमा छिमेकी देश भारतको उत्तर राज्य विहारको बैरगनियाँ क्षेत्र पर्दछ । जहाँबाट नेपाली क्रान्तिको प्रथम शुरूवात भएको थियो ।

त्यो भन्दा पनि पहिले नेपाल एकिकरण हुनु पूर्व जय प्रकाश मल्ल द्वारा झिकाइएका बंगालका सुल्तानका फौजलाई लखेडदै आएका गोर्खाली सेना र वंगाली सेना बीच रौतहटको संग्रामपुरमा  लाडाँइ भएको, समनपुरमा पुग्दा युद्ध समाप्ती भएको, र विश्रामपुरमा पुगी नेपाली सेनाले विजयोत्सव मनाई ऐतिहासिक राजदेवी मन्दिरमा पूजापाठ बली भोग चढाई र्फिता भएको भन्ने कुरा प्रचलित रहेको छ ।

आदीवासी तराई मुलका मानिसहरुको बसोबास रहेको  रौतहट जिल्लाको नाम राउत र हट भन्ने दुई शब्दहरु मिलेर बनेको हो । राउत भन्नाले खासगरी यादव (ग्वाला) जातीको थरलाई बुझाउँछ र हट शब्दको अर्थ बजार हुन्छ । हट शब्द हाटमा अपभ्रंस भएर रौतहट बनेको हो । यसप्रकार रौतहट शब्दको अर्थ यादवहरुको वस्ती भएको ठाउँ भन्ने हुन्छ ।

## २.जिल्लाको सानो चिनारी

| | |
|---|---|
| क्षेत्रफल– | ५५२६ वर्ग कि.मी. |
| कृषि क्षेत्र | ५८ प्रतिशत |
| वन क्षेत्र | २६ प्रतिशत |
| निर्वाचन क्षेत्र– | ६ वटा |
| ईलाका संख्या– | १५ वटा |
| नगरपालिका– | ३ वटा |
| गा.वि.स.– | ८४ वटा |
| पूर्वमा सर्लाही र पश्चिम बारा जिल्लाको दूरी– | ३३ कि.मी. |
| नेपाल, भारत र यस जिल्ला सम्मको सीमा स्तम्भ संख्या– | १३३ वटा |
| ठूलो सीमा स्तम्भ संख्या– | ३७ वटा |
| सानो सीमा स्तम्भ संख्या– | ९६ वटा |
| जिल्लाको जनसंख्या– | ६,८६,७२२ |
| महिलाको जनसंख्या– | ३,३५,६४३ |
| पुरुषको जनसंख्या– | ३,५१,०७९ |

(राष्ट्रिय जनगणना २०६८ अनुसार)

## ३. जिल्लाको सामाजिक र आर्थिक अवस्था

**(क) सामाजिक अवस्था** यस जिल्ला यादव, मुसलमान, तेली, कानु, राजपुत,थारु, ब्राह्मण, कायस्थ, तत्मा, मुसहर, कल्वार, नेवार, मगर, साह, चमार, दुसाध आदि मुख्य जनजातिहरु बसोवास गरेको पाईन्छ । भाषाभाषीहरुको हकमा बाजीका, भोजपुरी,मैथली नेपाली,थारु, हिन्दी आदि छन् । सरकारी काम काजको भाषा नेपाली भाषा रहेता पनि भित्री गाउँ घरको स्कुलहरुमा प्राय पठन पाठनको क्रममा स्थानिय भाषा नै बढी प्रयोगमा रहेको पाईन्छ ।

**(ख) आर्थिक अवस्था** रौतहट जिल्लामा सडक संजाल मध्ये मुख्य गौर–चन्द्रनिगाहपुर,पौराई–धन्सार,गौर–बंकुल,लक्ष्मिपुर–बेलबिस्वा–गौर,औरैया–कोपुवा,बंकुल–निजगढ,गरुडा–कटहरिया,गरुडा–समनपुर आदि मुख्य मुख्य सडक संजाल हुन ।

यसमा लक्ष्मिपुर, बेलबिस्वा, गौर, औरैया, बन्जरहा, रामपुरखाप रबंकुर नेपाल भारत सीमा क्षेत्रमा रहेका मुख्य मुख्य नाकाहरु हुन । आन्तरिक व्यापारिक नाकाहरुमा मत्सरी,समनपुर विश्रामपुर, गरुडा, कटहरिया,चन्द्रनिगाहपुर बढी चल्तिका व्यापारी नाका हुन । यस रौतहट जिल्लामा गौर न.पा. २ स्थितमा र गा.बि.स. सरमुजवा ८ स्थितमा गरि ठुलो र सानो भन्सार कार्यालय रहेको र यि दुई नाकाबाट सहजरुपमा जिल्ला आपूर्ति भईरहेको देखीन्छ ।

यस जिल्ला मुसलमान, यादव, राजपुत, थारु, तेली, ब्राह्मण, कानु, कायस्थ, तत्मा, मुसहर, कल्वार, मगर र नेवार,साह,चमार,दुसाधआदि मुख्य जनजातिहरु बसोवास गरेको पाईन्छ। जस मध्ये मुसलमान,दुसाधजातीहरु बैदेशीक रोजगारमा लागेको देदिन्छ, राजपुत, यादव, मगर र थारु जातीहरु प्राय कृषी पेशामा देखिन्छन् । तेली, कानु, कलवार र नेवार जातीहरु व्यापारमा लागेको देखिन्छ र अन्य जाजातीहरु केही सरकारी नोकरी तथा बैदेशीक रोजगारमा लागेको भएर यस जिल्लाका आर्थिक अवस्था राम्रो रहेको पाईन्छ । बसाईं सरी आएका पहाडी समुदायका विविध जातजातिहरु मूलतः कृषि, सरकारी सेवा र वैदेशिक रोजगारीमा सरीक रहेको देखिन्छ ।

**४. रौतहट जिल्लाको भौगोलिक विभाजन, भू-उपयोग तथा भिरालापन सम्बन्धी विवरण**

भौगोलिक बनावट (भिरालोपन) को आधारमा रौतहट जिल्लालाई (१) शिवालिक क्षेत्र र (२) तराई क्षेत्र गरी दुई भागमा विभाजन गर्न सकिन्छ। शिवालिक क्षेत्रले जिल्लाको कूल भू–भागको ७.५५ प्रतिशत भाग मात्र ओगटेको छ भने बांकि ९२.५५ प्रतिशत भू–भाग तराई क्षेत्रमा पर्दछ । शिवालिक क्षेत्रमा पर्ने ७.५१५ प्रतिशत भू–भाग मध्ये ९१.१३५ जमिन २० डिग्रि भन्दा बढी भिरालो रहेको छ । जिल्लाको कूल भू–भाग मध्ये ८४.४३ प्रतिशत जमिन १ डिग्रि भन्दा कम भिरालो भएकोमा शिवालिकमा यस्तो जग्गा ०.०३५ प्रतिशत  मात्र पर्दछ। तराई क्षेत्रको ९१.२४५प्रतिशत जमिन १ डिग्रि भन्दा कम भिरालो रहेकोछ। तराईमा ५ डिग्रिभन्दा बढी भिरालो जग्गा छैन । शिवालिक क्षेत्रमा जिल्लाको उत्तरी सीमानामा पर्ने कनकपुर, रंगपरु, चन्द्रनिगाहपुर, जुडिबेला र पौराई गरी पाँच (५) वटा गा.वि.स.हरुको उत्तरी भू–क्षेत्रमात्र पर्दछ। यस क्षेत्रको ८०५ भन्दा बढी जमिन जंगलले ढाकेको छ ।

## ५. जिल्लाको प्रशासनिक विभाजन

स्थानीय प्रशासन सञ्चालन गर्नको लागि रौतहट जिल्लामा १ जिल्ला विकास समिति, ३ नगरपालिका र ८४ गा.वि.स.हरु छन । जनसंख्या सम्बन्धी प्रकाशनहरुमा नगरपालिकालाई शहरी क्षेत्र र गा.वि.स.हरुले ओगटेको क्षेत्रलाई ग्रामिण क्षेत्रको रुपमा विभाजन गरी अध्ययन गर्ने गरिएको पाइन्छ । निर्वाचन क्षेत्र निर्धारण आयोग २०६३ र निर्वाचन क्षेत्र पुनरावलोकन आयोग २०६४को प्रतिवेदन अनुसार रौतहट जिल्लामा ६ वटा निर्वाचन क्षेत्र रहेका छन् । रौतहट जिल्लामा जिल्ला विकास समितका १५ वटा इलाका रहेका छन् । प्रशासनिक हिसाबमा (क) शिक्षाको प्रशासनले १४ वटा स्रोत केन्द्र–क्षेत्रमा, (ख) कृषि विकास कार्यालय र पशु विकास कार्यालयले ४–४ वटा सेवाकेन्द्र क्षेत्र एवं १२–१२ वटा उपकेन्द्र–क्षेत्रमा, (ग) जिल्ला वन प्रशासनले २ वटा इलाका वन कार्यालय अन्तर्गत ६–६ वटा रेन्जपोष्टको कार्यक्षेत्र अनुसार १२ भागमा, (घ) जिल्ला स्वास्थ्य कार्यालयले ४ वटा प्राथमिक स्वास्थ्य केन्द्र र ८ वटा स्वास्थ्य चौकिको कार्यक्षेत्रमा, र (ङ) जिल्ला हुलाक कार्यालयले ११ वटा इलाका हुलाक अन्तगर्त ७६ अतिरिक्त हुलाकको कार्यक्षेत्रमा रौतहट जिल्लाको विभाजन गरेका छन । यी विभाजनहरु जिल्ला स्तरीय कार्यालयले स्थानीयस्तरसम्म आफ्नो सेवा विस्तार गर्ने क्रममा स्थापना भएका इकाईलाई जिम्मा दिइएका कार्यक्षेत्रहरु हनु । स्थानीयस्तरमा कार्यालय नभएका अड्डाहरुले कार्य सरलीकरणको लागि गा.वि.स.–गा.वि.स.को ब्लक छुट्टयाएर फाटँ विभाजन गरेका हुन्छन् । स्थानीयस्तरमा जनता सँग प्रत्यक्ष सम्पर्कमा रहि काम गर्ने इकाई कार्यालयहरुले मासिक/त्रैमासिक/वार्षिकरुपमा पेश गर्ने प्रतिवेदनको आधारमा जिल्लास्तरीय कार्यालयले आफ्नो समग्र वार्षिक प्रतिवेदन तयार पार्ने गदर्छन । तर शिक्षा र स्वास्थ्य कार्यालयले मात्र स्थानीयस्तरको वार्षिक डाटा प्रकाशमा ल्याउने गरेको देखिन्छ ।

## ६. जिल्लाका मुख्य नदि, खोला तथा सीमानाका गा.वि.स.हरु

मुख्य नदिहरु :– बाग्मती, लालबकैया, अरुवा, झाँझ, पौराई, चाँदी । खोलाहरु :– लामहा खोला, हर्दिया, धनसार खोला, गुजरा, खोडरी, भकवा आदि । बाग्मती नदिसँग जोडिएका गा.वि.स.हरु :– (१) पौराई, (२) विश्रामपुर, (३) रमौली बैरिया, (४) हर्दिया, (५) समनपुर, (६) मदनपुर, (७) गम्हरिया पर्सा, (८) गढी भगवानपुर, (९) पिप्रा राजवाडा, (१०) पिप्रा भवानीपुर (११) गंगापिप्रा, (१२) मत्सरी, (१३) बडहरवा, (१४) बसतपुर, (१५) राजदेवी र (१६) ब्रह्मपरी । लालबकैया नदिसँग सीमाना जोडिएका गा.वि.स.हरु :– (१) कनकपुर, (२) लक्ष्मीनिया, (३) फतुवा हर्षाहा, (४) सन्तपुर दोस्तीया, (५) टेंग्राहा, (६) सोनरनिया, (७) पथरा बधुरामपुर र (८) सरमुजवा ।

## ७. भारतसँग सीमाना जोडिएका गा.वि.स./न.पा.हरु र भन्सार नाकाहरु

भारतसंग सीमाना जाडिएका गा.वि.स./न.पा.हरु :– (१) राजदेवी, (२) ब्रह्मपुरी, (३) लक्ष्मिपुर बेलविछवा, (४) गौर नगरपालिका, (५) बन्जरहा, (६) औरैया, (७) मठिया, (८) जोकहा, (९) रामपुरखाप, (१०) नरकटिया र (११) सरमुजवा जिल्लामा रहेका भन्सार नाकाहरु :– (क) गौर भन्सार कार्यालय (ख) छोटी भन्सार कार्यालयहरु : ब्रह्मपुरी, औरैया, मठीया, बंकुल ।

## ८. रौतहट जिल्लाका धार्मिक तथा पर्यटकीय स्थलहरु

| क्र.सं | धार्मिक स्थलको नाम | मेला लाग्ने दिन | प्रसिद्धिको कारण | |
|---|---|---|---|---|
| १ | शिवनगर | श्रीपञ्चमी, महाशिवरात्री, बैशाख त्रयोदशी, श्रावण महिना, हरेक आइतबार | भगवान शिवको लिङ्गको दर्शन गरी भाकल पुरा हुने विश्वास गरिन्छ । | |
| २ | पौराई ब्रह्मस्थल | हरेक मंगलबार र शनिबार | भाकल पुरा हुने भएकोले | |
| ३ | राजदेवी | | विजयादशमी देवीको दर्शन गर्न | |
| ४ | नुनथर | कार्तिक पूर्णिमा र श्रावण महिनाभर | यस ठाउँमा नुहाउनाले रोगहरु निको हुन्छ भन्ने विश्वास गरिन्छ | |
| ५ | पुरेनवा दरबार | ऐतिहासिक दरबार | | |